दक्षता
dakchyata
TVET PRACTICAL PARTNERSHIP

# दक्षता : TVET PP

# व्यवहारिक साझेदारी कोष

## आवेदकहरूका लागि आशयपत्र (EOI) मार्गदर्शन

EOI हरू का लागि अन्तिम मिति :सोमबार, २६ नोभेम्बर २०१८

Funded by
European Union

Managed by
BRITISH COUNCIL

## खण्ड १ : परिचय

### १.१ परियोजनाको संक्षिप्त विवरण

दक्षता : TVET *व्यवहारिक साझेदारी* यूरोपियन युनियनको आर्थिक सहयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा ब्रिटिस काउन्सिलद्धारा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिइभिटि) सँगको सहकार्यमा, कार्यान्वयन गरिएको एक सीप विकास परियोजना हो ।

TVETक्षेत्रमा, श्रम बजारको आवश्यकताहरू अनुरुपका, थप प्रभावकारी नीतिको सबलिकरण तथा कार्यान्वयन परियोजनाको विशेष उद्धेश्य हो । परियोजनाले हरित, जलवायु प्रतिरोधी, न्यून-उत्सर्जन अर्थतन्त्र प्रबर्द्धनको अवसरहरु प्रस्तुत गर्दै तिन मुल आर्थिक क्षेत्रहरु : क.) कृषि (व्यवसायिक खेति तथा खाद्यान्न उत्पादन), ख.) निर्माण, र ग.) पर्यटनमा एक एकीकृत सार्वजनिक निजी साझेदारी (पीपीपी) परिक्षण गर्ने उद्धेश्य पनि राखेको छ ।

### १.२ व्यवहारिक साझेदारी कोषको संक्षिप्त परिचय

व्यवहारिक साझेदारी कोषको सामान्य उद्धेश्य सार्वजनिक निजी साझेदारी (पीपीपी) का नवीन ढाँचाहरु सहजीकरण मार्फत TVET प्रणालीमा सान्दर्भिकता, गुणस्तर तथा दिगोपना सुधार गर्ने तरिकाहरु परिक्षण गर्नु हो । अनुदान दिइने परियोजनाका विशेष उद्धेश्यहरू निम्नानुसार छन् :

कृपया स्मरण रहोस् यि गैह्र नाफामूलक अनुदानहरू हुन् ।

- TVET सेवा व्यवस्थाका गुणस्तर, पहुँचमा सुधार गर्ने
- श्रम बजारको माग तथा आपूर्तीका बीचमा सम्पर्क प्रबर्द्धन गर्ने
- पीपीपीका नवीन ढाँचा (नमूना) हरू परिक्षण गर्ने तथा TVET का सान्दर्भिक व्यवस्थाको स्तरोन्नतिका लागि सिफारिश गर्ने

**पीपीपी (PPP) के हो ?**

सार्वजनिक-निजी साझेदारी (पीपीपी) लाई विभिन्न क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाहरुको एक गठबन्धनको रुपमा बुझ्न सकिन्छ जहाँ उनीहरू एउटा साझा लक्ष्यमा पुग्न अथवा एक विशेष आवश्यकता पुरागर्न एकआपसमा सहकार्य गर्न तथा तिसँगै आउने जोखिमहरू, जिम्मेवारी एवं क्षमताहरू बाँडफाँड गर्न सहमत हुन्छन् ।

दक्षता कार्यक्रमको सन्दर्भमा, पीपीपीले सार्वजनिक तथा निजी क्षेत्रका कार्यकर्ताहरूलाई तालिमको गुणस्तरमा सुधार्ने नयाँ तरिकाहरू खोज्न एकै स्थानमा ल्याउँछ ताकि तिनले व्यक्ति विशेषहरू, उद्यमहरू, समुदायहरू तथा राष्ट्रिय आर्थिक विकासका आवश्यकताहरू पुरा गर्न सकुन् । TVET मा निजी क्षेत्रको सक्रिय सहभागिताबाट निम्न अपेक्षाहरू राखिएको छ :

- TVET को गुणस्तर अभिबृद्धि गराउने एवं भविष्यका आवश्यकताहरूका लागि क्षमता निर्माण गर्ने
- उद्योगहरूले खोजेका सीपको आवश्यकता पुरा गर्न काम तथा तालिम प्रदायकहरूको संसारको बीचमा बलियो पुल निर्माण गर्ने

- कार्यस्थलमा निरन्तर तालिम तथा जिवनभरिको सिकाइ उपलब्ध गराउने
- सीप विकासमा बेरोजगार युवाहरूको सहभागिता फराकिलो पार्ने

## रोजगारदाताहरू तथा उद्योग प्रतिनिधिहरूको भूमीका

सीपको माग र आपूर्तीमा विद्यमान रहेको बेमेलको अवस्था न्यूनीकरण गर्नका लागि TVET ले तालिम कार्यक्रमहरू उद्योगले माग गर्ने प्रकारका सीपमा आधारित हुनपर्छ भन्ने सुनिश्चित गर्नेतर्फ उन्मुख हुनैपर्छ । त्यो सम्भव हुनका लागि नेपाललाई रोजगारदाताहरूलाई TVET प्रणालीमा अझ प्रभावकारी रुपमा संलग्न गराउन निर्णायक कदमको आवश्यकता छ । यस कदमलाई सहयोग पुऱ्याउन TVET मा रोजगारदाताको संलग्नता बृद्धि गराउन परिक्षणका तरीकाहरु अपनाउन आवश्यक छ ताकि के ले काम गर्छ र के ले गर्दैन भन्ने प्रमाण जुटाउन सकियोस् ।

विभिन्न TVET पीपीपी कार्यान्वयन गर्दै दक्षताले यस्ता परिक्षण परियोजनाहरूलाई सहयोग गर्छ जसले संस्थाको अगुवाइमा हुने तालिमबाट रोजगारदाता/मागको आधारमा तालिम दिइने अवस्थामा जोड दिन्छ । तालिमको निर्माण र संचालनमा रोजगारदाताको संलग्नता बढाउन सम्भावित पीपीपी पद्धतिमा स्पष्टता प्रबर्द्धन गर्न स्थानीय तथा अन्तराष्ट्रिय अनुभवबाट सिकेर परियोजनाले पीपीपी ढाँचाहरुको उदाहरणहरु तयार पारेको छ । TVET मा रोजगारदाताको भूमीका बलियो बनाउन, उनीहरुलाई TVET सीप विकास प्रणालीको निर्माण तथा विषयवस्तुमा निर्णय लिन सक्ने गरि सहभागि हुने अवसरहरु मार्फत, यि नमूनाहरुमा व्यवहारिक तरिकाहरु दर्शाइएको छ ।

## पीपीपी ढाँचाहरुको उदाहरण

TVET मा रोजगार प्रदायकहरूको संलग्नता बढाउन विभिन्न ढाँचाका उदाहरणीय नमूनाहरू विकसित गरिएका छन् । रोजगार प्रदायकहरूको आवाज तथा प्रभाव बढाउनका लागि नयाँ तौरतरीका प्रयोगमा सशक्त जोड दिइरहेको अवस्थामा आवेदकहरूले उदाहरणीय नमूनाहरूबाट केहि प्रेरणा लिन खुला हुनपर्छ अथवा नेपालमा TVETका विभिन्न पाटाहरूमा रोजगारदाताहरुको भूमीका बढाउन वैकल्पिक ढाँचा प्रस्ताव गर्नपर्छ ।

तल दिइएका ढाँचाहरु तथा अन्यका बारेमा विस्तृत जानकारी **TVET पीपीपी ढाँचाहरुको साराशं** (Summary of TVET PPP Models) मा पाउन सकिन्छ । यो दक्षताको वेवसाइटबाट डाउनलोड गर्न पनि सकिन्छ ।

### *क. तालिम तथा बजार बिक्रि केन्द ढाँचा*

तालिम तथा बजार बिक्रि केन्द्र ढाँचामा तालिम प्रदायकहरूले प्रशिक्षार्थीहरूद्धारा उत्पादित संस्थासँग जोडिएका सामान तथा सेवाहरूका लागि बजार बिक्रि केन्द्र निर्माण तथा संचालन गर्दछन् । संस्थाको प्राँगडभित्र सैद्धान्तिक तथा व्यवहारिक दुवै तालिम प्रदान गरिन्छ जसले प्रशिक्षार्थीहरूलाई पहिलो दिन देखि नै श्रम विश्वको वास्तविक वातावरणमा काम गर्ने अवसर जुराउँछ ।

प्रारम्भिक चरणमै प्रशिक्षार्थीहरूले, बरिष्ठ कामदार अथवा प्रशिक्षकहरूको सुक्ष्म तथा कडा सुपरिवेक्षणमा, बजारमा बिक्रि गर्न योग्य उत्पादन तथा सेवाहरू (बिक्रि केन्द्र मार्फत) उत्पादन गर्न थाल्छन् । यसले प्रशिक्षार्थीहरूलाई सिकाइका दौरानमै आय-आर्जन गर्न समेत सक्षम गराउँछ । यस

ढाँचामा रोजगार प्रदायकहरूको संलग्नता तालिमलाई व्यवहारमा प्रत्यक्ष लागू गर्ने भन्दा पनि बजार-सान्दर्भिक तालिमको विकासमा मदत पुर्‍याउने तर्फ केन्द्रित रहन्छ ।

### *ख. अर्ध-प्रशिक्षण तथा रोजगार ढाँचा*

अर्ध-प्रशिक्षण तथा रोजगार ढाँचामा रोजगारदाता तथा तालिम दिने संस्थाहरूले संयुक्त रुपमा तालिमको आयोजना गर्छन् । उद्योगमा कार्यरत बरिष्ठ तथा अनुभवी कामदारहरूसँग मिलेर कार्यस्थलमा तालिम प्रदान गर्ने दक्ष प्रशिक्षकहरू उपलब्ध गराउने हुनाले यस ढाँचालाई सफल बनाउन तालिम दिने संस्थाहरुको सिमित तर महत्वपूर्ण भूमीका रहन्छ । तालिम कार्यरत कामदारहरूको सीपलाई विशेष तहसम्म उकास्ने तर्फ केन्द्रित रहेतापनि यो श्रमबजारका नवप्रवेशीहरूलाई समेत प्रदान गर्न सकिन्छ ।

### *ग. सम्पूर्ण कार्यस्थलमा आधारित तालिम तथा रोजगारी*

*सम्पूर्ण कार्यस्थलमा आधारित तालिम तथा रोजगारी* ढाँचाले पूर्णरुपमा रोजगार प्रदायकले अगुवाइ गर्ने पद्धतिको तालिम प्रदान गर्छ जसमा प्रशिक्षार्थीहरू पहिलो दिन देखि नै वास्तविक कार्यस्थलको वातावरणमा हुन्छन् । कार्यस्थलमा सैद्धान्तिक एवं व्यवहारिक दुवै प्रकारका तालिम प्रदान गरिन्छ र त्यसको नेतृत्व तालिम प्रदायकहरूको सहयोगमा रोजगारदाता/उद्यमीहरूको अथवा रोजगारदाता/उद्यमीहरूको सहयोगमा तालिम प्रदायकहरूको हुन्छ । तालिम संचालन व्यवसाय अथवा उद्योगको अगुवाइमा हुन्छ । केवल सिकाइको गुणस्तरको परिक्षण र प्रमाणपत्रको काम मात्र अन्यत्र गरिन्छ ।

# खण्ड २ : अनुदानको विवरण

## २.१ परियोजनका प्रकारहरू

यस आव्हान अन्तरगत दुई प्रकारका परियोजनाहरूका निम्ति अनुदान पाउन सकिन्छ

**परियोजना प्रकार १** तालिम व्यवस्थाका नवीनतम विधिहरुको परिक्षण गर्दै रोजगार-प्रेरित तालिमहरुको संचालन

**परियोजना प्रकार २** योजना प्रक्रिया, व्यवस्था र/अथवा TVET को आर्थिक श्रोत जुटाउने पाटोमा रोजगार-प्रदायकको सहभागिता बृद्धि गराउने (रोजगारदाताहरुका प्रतिनिधिमुलक अंगहरुलाई लक्षित गर्ने)

परियोजना अनुदानका दुई प्रकारबीचमा रहेका मुख्य भिन्नताको सार :

| | परियोजना प्रकार १ | परियोजना प्रकार २ |
|---|---|---|
| **मुख्य उद्धेश्य** | रोजगार-प्रेरित तालिमहरुको संचालन | TVET को योजना प्रक्रिया, व्यवस्था र/वा आर्थिक पाटोमा रोजगार-प्रदायकको सहभागिता बृद्धि गराउने, |
| **योग्य संस्थाहरू** | TVET सेवा प्रदायकहरू, उदाहरण: दक्षताका तीन केन्द्रिय क्षेत्र (अथवा | TVET सेवा प्रदायकहरू, उदाहरण: दक्षताका तीन केन्द्रिय क्षेत्र (अथवा |

| | | |
|---|---|---|
| | सान्दर्भिक उप-क्षेत्र) मध्ये कुनै एकका तालिम प्रदायकहरु, गैह्र-सरकारी संस्थाहरू, उद्यमहरू, सहकारीहरू आदि | सान्दर्भिक उप-क्षेत्र) मध्ये कुनै एकका रोजगार-प्रदायकहरुको संस्था, संघ, महासंघ, स्थानीय उद्योग-बाणिज्य संघ, उत्पादन संस्थाहरु आदि |
| **अधिकतम अनुदान रकम** | २ लाख यूरो | ३ लाख पचास हजार यूरो |

आवेदकहरुले एउटा अनुदानको लागि एउटा मात्र आवेदन दिन पाउनेछन् र आशय पत्र बुझाउने समयमै कुन परियोजनका (प्रकार १ अथवा २) लागि आवेदन गरिएको हो भन्ने खुलाउन पर्नेछ ।

## २.२ बित्तिय विनियोजन

यस आव्हान अन्तरगत कुल **४० लाख यूरो** उपलब्ध गराइँदै छः परियोजनाका प्रत्येक प्रकारका लागि यूरो २० लाख । उपलब्ध सबै रकम प्रदान नगर्ने निर्णय करार गराउने निकायसँग सुरक्षित रहेको छ ।

रकम उपलब्ध गराइसकेपछिको अवस्थामा उक्त रकम व्यवस्थापनको सन्दर्भमा कडा आर्थिक तथा लेखा प्रक्रिया लागु गर्नपर्छ । परियोजनाका सबै खर्चहरुको आवश्यक सबै सहायक-कागजपत्र, दस्तावेज सहित जवाबदेहि हुन पर्नेछ । आवश्यक प्रणाली तथा कर्मचारी छन् भन्ने अपेक्षा राखिन्छ । अनुदान प्राप्त परियोजनाका हकमा प्रणाली र रिपोर्टिङ्ग सबल बनाउन आवश्यक स्थानमा दक्षता टिमले मार्गदर्शन तथा सहायता प्रदान गर्नेछ ।

परिक्षण गरिएका ढाँचाहरुले दिर्घकालमा राष्ट्रिय स्तरमा उद्यमको प्रभावकारिता तथा उत्पादकत्वमा सुधारतर्फ अग्रसर गराउँछ भन्ने आशा राखिएको भएतापनि अनुदानबाट संचालिन सबै परियोजनाहरु पूर्णरुपमा **गैह्र नाफा-मुलक** हुन् । अधिकतम ७% सम्ममात्र अतिरिक्त खर्च गर्ने अनुमति दिइएको छ ।

स्मरण रहोस् एडभान्स रकम गैह्र **नाफा-मुलक**संस्थाहरूलाई मात्र उपलब्ध गराइने छ । अन्य संस्थाहरुको लागि रकम चौमासिक भर्पाइको रुपमा व्यवस्थापन गराइने छ । यस्तो अवस्थमा आवेदकहरुले आवश्यक गतिविधिहरु संचालन गर्न यथेष्ट पैसा आँफूसँग छ भन्ने सुनिश्चित गर्नपर्छ । मूल्य अभिबृद्धि कर (भ्याट) सम्बन्धि उत्तरदायित्व परियोजनाको बजेट निर्माण गर्ने समयमै समावेश गर्नपर्नेछ ।

## २.३ परियोजना अवधि

परियोजनको अनुमानित अवधि लगभम १८ महिनाको रहेको छ । समयावधि सम्बन्धि थप स्पष्ट जानकारी आवेदन प्रक्रियाको प्रस्ताव (प्रपोजल) विकास गर्ने चरणमा दिइने छ ।

## २.४ कामको क्षेत्र

परियोजनाहरूले सार्वजनिक TVET व्यवस्थामा रोजगारदाताको सहभागिता सुधार गर्न परिक्षण गर्न अथवा सुझाव दिन सक्नेछन् । परियोजनाहरूले नयाँ पद्धतिहरू परिक्षण गर्न अथवा विद्यमान पद्धतिहरू नै अवलम्वन गर्न सक्नेछ जसले तिनलाई दिगो बनाउन र थप विस्तार गर्न सक्छन् ।

सम्भावित नव-प्रवेशी अथवा कार्यरत कामदारहरूको सीपमा बृद्धि गराउँदै, परियोजनाहरुले :

- तालिमप्राप्त जनशक्तिको लागि दिर्घकालिन रोजगारीको अवसर बढाउँछन्
- नेपाल र यसका समुदायहरूको वातावरणीय रुपमा दिगो आर्थिक विकास अगाडि बढाउँछन्
- उद्यमहरुको सुधारिएको प्रभावकारिता, उत्पादकत्व तथा नाफामा सहयोग पुऱ्याउँछन्

## परियोजना प्रकार १ - रोजगार-प्रेरित तालिम कार्यक्रमहरु

**कसले आवेदन दिन सक्छन?**

- TVETसेवा प्रदायक संस्थाहरु, जस्तै तालिम प्रदायक
- गैर सरकारी संस्था (गैसस)
- उद्यमहरु
- सहकारीहरु(सबैले कृषि, निर्माण तथा पर्यटनका क्षेत्रमा काम गरिहेको हुनपर्छ) ।

परियोजना प्रकार १ अन्तरगत हामी TVET सेवा प्रदायकहरु (तालिम प्रदायक, गैसस, उद्यम, सहकारीहरु आदि) बाट प्रस्ताव खोजिरहेका छौं ।

प्रस्तावहरूले रोजगारदाता (अथवा तिनका प्रतिनिधि संस्थाहरू) र राष्ट्रिय TVET प्रणालीबीच थप प्रभावकारी संलग्नता मार्फत TVET सेवाहरूको गुणस्तर, सान्दर्भिकता तथा तिनमा पहुँच सुधार गर्ने लक्ष्य राख्नपर्छ । यसले निम्न कुरालाई समेट्छ :

- राष्ट्रिय तहमा श्रमबजारमा पहुँच बढाउन र/अथवा खुलाउन तथा आयआर्जनका अवसरहरु, जस्तै (स्व) रोजगारी, मा बढोत्तरी गर्न **रोजगार प्रेरित तालिम कार्यक्रमको** निर्माण, कार्यान्वयन र प्रबर्द्धन गर्ने
- रोजगारदाताहरुसँगको असरदायक संलग्नतामा विद्यमान तालिम तथा सिकाइका विधिहरुमा मूल्याङ्कन प्रक्रिया सहित समावेश गरेर नवीन पद्धतिको विकास गर्ने, रोजगारदाताहरुको प्रभावकारी संलग्नता मार्फत

परियोजनाले समेट्न सक्ने गतिविधिहरूका उदाहरणहरू (तर यति मै मात्र सिमित होइन)

- स्थानीय आर्थिक विकासका आधारित रहेर स्थनीय सीपका मागहरुलाइ सम्बोधन गर्ने गरि प्रादेशिक तथा पालिकाका परियोजना, विशेषगरि स्थानीय TVET सरोकारवाला सहकार्यमा संलग्न भएका ।
- प्रशिक्षार्थी जस्ता श्रमबजारका नवप्रवेशीहरुकालागि काममा आधारित सिकाइका नयाँ स्वरुपको परिक्षण ।
- कार्यस्थलको सिकाइका वातावरणलाई राष्ट्रिय स्तरमा विकास गर्न केन्द्रित क्रियाकलापहरु
- त्यस्ता क्रियाकलापहरु जसले सिकाइलाइ अझ सान्दर्भिक बनाउँछ, उदाहरणका लागि रोजगारदाताका विज्ञहरुलाई आंशिककालिन प्रशिक्षक अथवा आगन्तुक प्राध्यापक बनाउने, व्यवसायिक विद्यालय/केन्द्रहरुको सार्वजनिक तथा निजी क्षेत्रबाट संयुक्त व्यवस्थापन, व्यवसाय-विद्यालय साझेदारी सहमतिको विकास ।
- TVET बाट तालिमप्राप्त जनशक्तिलाइ श्रमबजारमा प्रवेश गराउन सुधारिएका क्रियाकलापहरु, उदाहरण, जागीर सम्बन्धि सल्लाह प्रदान गरेर अथवा इर्न्टनसीपका नयाँ शैलीहरु भित्र्याएर ।
- अनौपचारिक र गैह्र-औपचारिक रुपमा सिकिएका सीपलाई पहिचान दिन NSTB/CTEVTसँग सीप परिक्षणमा काम गर्ने ।
- कार्यरत कामदारहरुलाई अनौपचारिक रुपमा तालिम उपलब्ध गराउने जसमा अनौपचारिक सिकाइ/कार्य अनुभवको आधारमा हासिल गरेको दक्षताको कदर होस् ।

- तालिम स्थलहरुको विकास, तालिमका लागि आवश्यक उपकरणहरुको व्यवस्था तथा तालिमका कार्यक्रमहरुको कार्यान्वयन ।
- TVET केन्द्रहरु, सहकारीहरुसँगको साझेदारीमा विभिन्न क्रियाकलापहरु संचालन मार्फत जसले सीप तालिममा सुधार ल्याउँछ भने संघका सदस्यहरुलाई मापदण्ड प्रसारका सेवाहरु उपलब्ध गराउँछ, जस्तै व्यवसाय व्यवस्थापन सल्लाह/तालिम, सिकाइका सुविधाहरु तथा कार्यक्रमहरुको संयुक्त सरोकारवाला व्यवस्थापन सहकार्य आदि ।

## परियोजना प्रकार २ - TVET मा रोजगारदाताको सहभागित बृद्धि गराउने

**कसले आवेदन गर्न सक्छन?**
रोजगारदाता संस्थाहरु
संघहरु
महासंघहरु
स्थानीय उद्योग बाणिज्य संघ
उत्पादन संघहरु
(सबैले कृषि, निर्माण तथा पर्यटनका क्षेत्रमा काम गरिहेको हुनपर्छ ।)

दक्षता अनुदान कार्यक्रम TVET मा पीपीपीका नौला शैलिहरु परिक्षण गर्न, रोजगारदाताको आवश्यकता र तालिम व्यवस्था बीचको दुरीलाई जोड्न निर्माण गरिएको हो । TVETप्रणालीलाई चुस्त बनाउन, श्रमबजारको आवश्यकताको सान्दर्भिकता सबल बनाउन रोजगारदाताको आवाज र सहभागिता बढाउन रोजगारदाताहरुको प्रतिनिधि संस्थाहरुले यसमा महत्वपूर्ण भूमीका निर्वाह गर्न सक्छन् ।

**परियोजना प्रकार २** अन्तरगत हामी रोजगारदाता संस्थाहरु, संघ, महासंघ, स्थानीय उद्योग बाणिज्य संघ अथवा मुख्य तिन क्षेत्र (अथवा सहायक क्षेत्र) मध्ये एकमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने उत्पादक संस्थाहरुबाट प्रस्ताव खोजिरहेका छौं । प्रस्ताव **TVET का योजना निर्माण, व्यवस्था र/अथवा लगानीमा रोजगारदाताहरुको सहभागिता बृद्धि गराउने** तर्फ लक्षित हुनपर्छ जसले गर्दा TVETप्रणालीहरु श्रमबजारको आवश्यकता, उच्च गुणस्तर र बढ्दो सान्दर्भिकताप्रति बढी प्रतिक्रियात्मक हुन सकोस् ।
परियोजनाले विशेष पेशामा आवश्यक सीपलाइ लक्ष्य बनाउन पर्छ । साथै कार्यरत कामदार वा सम्भावित नव प्रवेशी (उदाहरणका लागि, प्रशिक्षार्थीहरू) लाई सहयोग गर्न सक्छ । तथापि परियोजनाले राष्ट्रिय सार्वजनिक TVET प्रणालीलाई जोड्न पर्छ, उदाहरणको लागि, CTEVT को पाठ्यक्रम निर्माण अथवा परिमार्जन गरेर र तालिमहरुले प्रशिक्षार्थीका लागि मान्यता प्राप्त र उपयोगि प्रमाणपत्र उपलब्ध गराउँछ भन्ने निश्चित गरेर ।

परियोजनाले समावेश गर्न सक्ने क्रियाकलापका उदाहरणहरु (तर यतिमा मात्र सीमित होइन) :

- सीपमा देखिएका खाडलहरु अथवा त्यस्ता आवश्यक सीपहरु जुन TVET व्यवस्थाबाट पुरा भइरहेका छैनन् माथि अनुसन्धान तथा यि कमीलाई सम्बोधन गर्ने एक कार्ययोजनको विकास । CTEVT र अन्य सरकारी TVET योजना निर्माण गर्ने निकायहरु अथवा स्थानीय सरकारका अंगहरुसँग राष्ट्रिय तथा स्थानीय स्तरका तालिमका आवश्यकताहरुका सम्बन्धमा हाल जारी संबादमा यथेष्ट माग सुनिश्चित गर्ने र एउटा आधार बन्न यो परियोजनाको पहिलो चरण बन्नसक्छ ।
- नयाँ अथवा अद्यावधिक CTEVT (अथवा सरकारी मान्यता प्राप्त अन्य तालिम र/अथवा प्रमाणपत्र सुनिश्चित गर्न) को व्यवस्था अनुसार रोजगारदाताको आवश्यकता पुरा गर्न विद्यमान जनशक्तिको स्तरोन्नति ।
- अनौपचारिक र गैह्र-औपचारिक रुपमा सिकिएका सीपलाई पहिचान दिन NSTB/CTEVTसँग सीप परिक्षणमा काम गर्ने ।
- बजार अनुसन्धानले पत्ता लगाएका नयाँ क्षेत्रमा नयाँ मापदण्ड/पाठ्यक्रम तयार गर्न

CTEVT सँग काम गर्ने अथवा विद्यमान पाठ्यक्रम, जसलाई रोजगारदाताले सान्दर्भिक ठान्दैनन्, लाई परिमार्जन गर्ने ।

- प्रशिक्षार्थी जस्ता श्रमबजारका नवप्रवेशीका लागि कार्यस्थलमा आधारित सिकाइका नयाँ स्वरुपको परिक्षण ।
- उपलब्ध गराइएको तालिमको गुणस्तर सुधार गर्न एवं प्रशिक्षार्थीहरुलाई रोजगारीका लागि राम्रोसँग तयार गर्न तालिम प्रदायकहरुसँग काम गर्ने नयाँ तरिकाको परिक्षण गर्ने । उदाहरणका लागि, TVET संस्थाहरुमा विज्ञहरुलाई अल्पकालिन प्रशिक्षक अथवा आगन्तुक प्राध्यापक बनाएर पठाउने अथवा CTEVT का प्रशिक्षकहरुलाई उद्योगसम्बन्धि उनीहरुको ज्ञान र बुझाइ अद्यावधिक गराउन इन्टर्नसीप/पेशागत सीप विकास उपलब्ध गराउने ।
- क्षमता अभिबृद्धि गराउने रोजगारदाता प्रतिनिधिलाई व्यवसायिक विद्यालय समूह, जस्तै उद्यम परामर्श तथा साझेदार समितीहरु, विद्यालय व्यवस्थापन समिती अथवा अन्य व्यवसायी-विद्यालय साझेदारी व्यवस्था, मा प्रभावकारी ढंगले संलग्न गराउने । यसमा उनीहरु र उनीहरुका उद्योगलाइ कसरी प्रतिनिधित्व गराउने भन्ने सहभागि हुनसक्छ ।
- रोजगार/जागिर सम्बन्धि जानकारी र मेला जस्ता सामाग्री र/अथवा क्रियाकलाप विकास गर्ने जसले कुनै क्षेत्र र उपलब्ध जागिरका सम्बन्धमा वास्तविक सूचना दिन्छ । साथै यसले तालिम र रोजगारीको खोजिमा रहेकाहरुलाई प्रेरणा दिन्छ र कुनै क्षेत्रप्रति आकर्षण गर्छ ।
- रोजगारदाताहरुद्धारा सहयोग गरिएका क्रियाकलापहरु जसले पिछडिएका समूहलाई वास्तविक रोजगारीको अवसरको सम्भावना सहितका तालिमा पहुँच दिलाउँछ ।
- रोजगारदाताहरुको सहयोगमा संचालन हुने क्रियाकलाप जसले जलवायु-स्मार्ट कृषि, उर्जा मितव्ययी र जलवायु प्रतिरोधी निर्माण अथवा पर्यावरणीय पर्यटन जस्ता वातावरणीय रुपमा दिगो सीपको विकास गर्न प्रोत्साहन गर्छ ।

## खण्ड ३ : आशयपत्र (EOI) पेश गर्नका लागि निर्देशनहरू

### ३.१ परिचय तथा सामान्य नियमहरू

यि निर्देशनहरु आवेदकहरुलाई आशयपत्र(EOI) बुझाउन मदत गर्न निर्माण गरिएका हुन् । यिनमा अत्यावश्यक जानकारी समावेश गरिएका छन् जसले तपाईंलाई आवेदन दिन योग्य छु या छैन भनेर निर्णय गर्न सक्षम बनाउँछ । यसले कस्ता गतिबिधिहरुका लागि अनुदान पाउन सकिन्छ भन्ने जानकारी दिन्छ र आवेदन फारम सही तरीकाले भर्न सिकाउँछ । आवेदन बुझाउने प्रक्रियाका दौरानमा र त्यसअघि यि नोटको सहायता लिनु महत्वपूर्ण हुन्छ । अनुरोध गरिएको स्वरुपमा आवश्यक जानकारी उपलब्ध गराउन नसकेको खण्डमा आवेदन अयोग्य हुनसक्छ ।

### ३.२ योग्यता

आशयपत्र (EOI) बुझाउन योग्य हुनका लागि आवेदकहरुले निम्न मापदण्ड पुरा गरेको हुनपर्छ :

- यहाँको संस्था आवेदन गरिएको परियोजनको प्रकारको लागि योग्य आवेदकहरुको बर्गीकरणहरुमध्ये कुनै एकमा पर्नपर्छ । (माथि २.४ मा हेर्नुहोस् 'कसले आवेदन दिन सक्छन् ?')
- यहाँको संस्था दक्षताका तिन मुख्य क्षेत्रहरु : कृषि, पर्यटन अथवा निर्माण (अथवा सुहाउँदो सहायक-क्षेत्र) मध्ये कम्तीमा एकमा कार्यरत हुनपर्छ ।

- नेपाल सरकारमा दर्ता भएको मान्य दर्ता प्रमाणपत्र हुनपर्छ, र दर्ता भएको कम्तीमा दुइ बर्ष भएको हुन पर्नेछ ।
- कर चुक्ताको मान्य प्रमाणपत्र अथवा गत आर्थिक बर्ष (२०७४/७५) को लागि आन्तरिक राजस्व विभागको समयसीमा बढाइएको पत्र हुनपर्नेछ ।
- लागू हुने निकायको हकमा, प्रस्तावित मुख्य क्षेत्रमा तालिम प्रदान गर्नको लागि CTEVT को आबद्धताको मान्य प्रमाणपत्र हुनपर्नेछ ।
- कोषको पारदर्शी, जिम्मेवार प्रयोग तथा परियोजना संचालन सुनिश्चित गर्न संस्थासँग यथेष्ट प्राविधिक तथा आर्थिक क्षमता हुनपर्नेछ ।
- इच्छाइएको क्षेत्रमा काम गर्न र/अथवा परियोजना लिन अत्यावश्यक कुनै पनि अन्य मान्यस्वीकृति प्राप्त भएको
- कुनै प्रकारको अनुसन्धानमा रहेको तथा टाट् पल्टेको हुन हुँदैंन ।

दक्षता कार्यक्रमको उद्धेश्यका लागि, माथि उल्लेखित तिन मुख्य क्षेत्रको बृहत्त रुपमा व्याख्या गरिनुपर्छ । काम गर्ने क्षेत्रको अतिरिक्त, तिन मुख्य क्षेत्रहरुले निम्न उदाहरणहरु (तर यतिमा मात्र सीमित होइन) समावेश गर्ने अपेक्षा गरिन्छ ।

- कृषिले खेति/पशुधन उत्पादन तालिमको गुणस्तरमा सुधार गर्ने, गुणस्तर परिक्षण सुधार गर्ने तथा माउसूपदण्ड, प्याकेजिङ्ग, भण्डारण, ढुवानी र बजार, तथा कृषि पर्यटनमा थप राम्रो पहुँचलाई समेट्न सक्छ ।
- पर्यटनले होटल, अतिथी सत्कार तथा ट्रेकिङ्ग तालिमको स्तर सुधारलाई समेट्न सक्छ । यसमा ग्राहकको सेवा स्तर, तथा साँस्कृतिक उत्पादनको प्रबर्द्धन आदि पनि पर्छन् ।
- निर्माण/पूनर्निर्माण सम्बन्धि तालिम, भूकम्प प्रतिरोधी निर्माण सीप, गह्रौं उपकरण संचालन, स्वास्थ्य मन्त्रालयको निर्माण नियमावलीसँग सम्बन्धित निर्माण सरसफाइ मापदण्डको बारेमा ज्ञान तथा निर्माण सम्बन्धि अन्तराष्ट्रिय मापदण्ड आदिलाई निर्माणले समेट्छ ।

### ३.३ आशयपत्र (EOI) पेश गर्ने

इच्छुक आवेदकहरूले निम्नानुसार बुझाउन पर्नेछ :

**“सबै सफ्टकपिहरु(Softcopies)एउटै पेनड्राइभमा राख्नुहोस् - एक भन्दा धेरै पेनड्राइभको आवश्यकता पर्दैन”**

| **कागजपत्र** | **कसरी बुझाउने** |
|---|---|
| **आशयपत्र (EOI)** | |
| पुरा भरिएको आशयपत्र (EOI) आवेदन (टेम्प्लेट दक्षताको वेवसाइटबाट डाउनलोड गर्न सकिन्छ) | १ वटा सफ्ट कपी (पेनड्राइभमा) र २ हार्ड कपी (एक **सक्कली, हस्ताक्षर/छाप सहित** र एक फोटोकपी) |
| **निम्नानुसारका सहायक कागजपत्रहरु :** | |
| क.) संस्थाका कागजपत्र/दर्ताको दस्तावेज, आर्थिक बर्ष २०७५/७६ को नविकरण सहित | १ वटा स्कान कपी पेनड्राइभमा र एक हार्डकपी प्रत्येक दर्ताको (सक्कलको फोटोकपी) |

| | |
|---|---|
| ख.) आर्थिक बर्ष २०७४/७५ को कर चुक्ता प्रमाणपत्र | १ वटा स्कान कपी पेनड्राइभमा र एक हार्डकपी (सक्कलको फोटोकपी) |
| ग.) लागू हुने हकमा, CTEVT सँगको आबद्दताको प्रमाणपत्र, यदि छ भने नविकरण सहित | १ वटा स्कान कपी पेनड्राइभमा र एक हार्डकपी (सक्कलको फोटोकपी) |
| घ.) संस्थाको विधान/नियमावली/विवरण-पुस्तिका (लागू हुने खण्डमा) | १ वटा स्कान कपी पेनड्राइभमा र एक हार्डकपी (सक्कलको फोटोकपी) |
| ङ) व्यवस्थापनको प्रतिक्रिया सहित गत २ बर्षको अडिट रिर्पोट | **केवल हार्ड कपी मात्र (एक फोटोकपी)** |
| च.) संस्थाको लेटरहेडमा डिक्ल्यारेसन (बयान), उपलब्ध गराइएको नमूनामा | १ वटा स्कान कपी पेनड्राइभमा र २ हार्ड कपी (एक **सक्कली, हस्ताक्षर/छाप सहित** र एक फोटोकपी) |

**आवेदन दिने अन्तिम मिती**

**समयसीमा थप गरिएको** : सबै आवेदनहरु हार्ड र सफ्ट (पेनड्राइभ) कपीमा एउटै प्याकेजको रुपमा सोमबार, **२६ नोभेम्बर २०१८** को नेपालि समय अनुसार अपरान्हको ५ बजे भित्र प्राप्त भइसक्नुपर्छ ।

मिति २०७५ कार्तिक २५ गते *कान्तिपुर* तथा *दि हिमालयन टाइम्स* प्रथम पटक सुचना प्रकाशित गरि कायम गरिएको आशय पत्र पेश गर्ने अन्तिम मिति २०७५ मङ्सिर ४ गतेबाट थप गरि मिति २०७५ मङ्सिर १० गते, सोमबार सम्म कायम गरिएको जानकारी गराउछौं । यो समयावधि पुन: थप गरिने छैन ।

इच्छुक संस्थाहरुले खाममा सिलबन्दी गरिएको आशयपत्र मिति **२०७५ साल मङ्सिर १० गते सोमबार तदनुसार २६ नोभेम्बर, २०१८** का दिन अपरान्ह ५ बजे भित्र लैनचौर, काठमाडौं स्थित ब्रिटिश काउन्सिलको कार्यालयमा पेश गर्नुपर्नेछ ।

कार्यालय समय (सोमबार देखि शुक्रबार बिहान ९ देखि अपरान्ह ५ बजे)भित्र मात्रै आशय पत्र पेश गर्न सकिनेछ ।

**स्मरण रहोस् इमेल मार्फत आवेदन स्वीकार गरिने छैन ।**

| | |
|---|---|
| आवेदन तोकिएको मिती भित्र निम्न ठेगानामा दिइसकेको हुनपर्छ | Grants Manager<br>Dakchyata TVET Practical Partnership<br>C/o British Council<br>Lainchaur<br>Kathmandu, Nepal |

आशयपत्र (EOI) बुझाउने सन्दर्भमा यदि यहाँका केहि प्रश्नहरू छन् भने कृपया **मंगलबार, २० नोभेम्बर दिनको ५ बजेभित्र** यसमा सम्पर्क गर्नुहोस् :grants-dakchyata@britishcouncil.org प्रष्टिकरण गरिएका प्रतिक्रियाहरू वेवसाइटमा प्रकाशित गरिने छ।

## ३.४ EOI का पूनरावलोकन तथा मूल्याङ्कन

आशयपत्र (EOI)हरुको एक प्रारम्भिक मूल्याङ्कन गरिने छ । उल्लेखित योग्यता नपुगेका अथवा दक्षताको कार्यक्षेत्र भित्र नपरेका आशयपत्र (EOI)हरुलाई अगाडिको प्रक्रियामा सहभागि गराइने छैन।

| **योग्यता** |
|---|
| **१. बुझाउन/पेश गर्नका लागि योग्यता**<br>उपलब्ध टेम्प्लेटलाई आधार बनाएर तयार पारिएको EOI अन्तिम मिती भन्दा अगाडि पेश गरिसक्नु पर्नेछ,। आशयपत्र (EOI) मा खण्ड ३.३ मा उल्लेख गरिएका सबै आवश्यक सहायक कागजपत्र संलग्न हुनपर्नेछ । आशयपत्र (EOI)अंग्रेजी भाषामा मात्र बुझाउन पर्नेछ । |
| **२. आवेदकको योग्यता**<br>आवेदकले खण्ड ३.२ मा उल्लेख गरिएका सबै योग्यताका मापदण्ड पुरा गरेको हुनपर्छ । |

योग्यता पुगेका आशयपत्र (EOI) हरुलाई यसपछि थप पुनरावलोकन गरिने छ, हरेक मापदण्डका लागि १ देखि ३ बीच अंक दिइने छ ।

| **मूल्याङ्कनका मापदण्ड** | |
|---|---|
| **१** | **संस्था तथा प्रशासन** |
| १.१ | संस्थागत नीति हुनु |
| १.२ | परियोजना/अनुदान व्यवस्थापनको अघिल्ला अनुभव |
| **२** | **मुख्य क्षेत्रमा संस्थाको अनुभव** |
| २.१ | संस्था/क्षेत्र/सहायक-क्षेत्रमा सीप माग तथा आपूर्तिको विश्लेषण |
| २.२ | पेशा स्तर/कार्य विवरणको विकास |
| २.३ | पाठ्यक्रमको विकास |
| २.४ | पीपीपी अनुभव - अन्य TVET कर्ताहरुसँगको सहकार्य |
| २.५ | तालिम प्राप्त व्यक्तिहरुको लगत (तालिम प्रदायकको हकमा मात्र लागू हुने) |
| **३** | **उद्धेश्य तथा प्रस्तावित पद्धति (अंकलाई २ ले गुणा गरिने)** |
| ३.१ | संस्था र/अथवा क्षेत्र/समुदायको स्पष्ट बुझाइ |
| ३.२ | दक्षताका उद्धेश्यसँग विषयवस्तुको सान्दर्भिकता |
| ३.३ | सम्बोधन गरिनु पर्ने क्रियाकलाप तथा विषयका बीचमा स्पष्ट तार्किक सम्बन्ध |
| ३.३ | बजारको मागको बुझाइ तथा त्यो सँग सम्बन्ध |

कम्तीमा **२३/४५** ल्याउने आवेदकहरु सहजिकृत कार्यशालामा सहभागि हुन योग्य हुनेछन्, उपलब्ध स्थानहरुको व्यवस्था लागू हुने छ (अधिकतम ६० स्थलहरु उपलब्ध)

## २.५ नियम तथा शर्तहरु

| **आवेदकहरुका लागि नियम तथा शर्तहरु** |
|---|
| १. सबै परियोजनाहरुको अधिकतम अवधि १८ महिना हुनेछ । |
| २. सबै रकमहरु नेपाली रुपैंयामा कारोबार गरिने छ । |
| ३. गैर नाफा मुलक संस्थाहरुले मात्र पहिल्यै रकम (एडभान्स) पाउनेछन् । यस्तो रकम पाउने संस्थाहरुले परियोजनाको लागि अलग्गै बैंक खाता खोल्नुपर्नेछ । अन्य सबै संस्थाहरुले क्रियाकलापहरु संचालन गर्न यथेष्ट रकम भएको पुष्टि गर्न पर्नेछ । |
| ४. मत-भिन्नता (conflict of interest) भएका आवेदकका हकमा रुचि घोषणा गर्नपर्नेछ । |
| ५. आवेदकहरुले अगुवा संस्थाको हैसियतमा एउटा मात्र आवेदन दिन सक्नेछन । उनीहरुले अर्को अगुवा संस्था वा आवेदकसँग सीमीत भूमीकाको लागि सहकार्य गर्न सक्नेछन तर त्यसले उनीहरुको कामलाइ असर गर्नुहुंदैन र त्यहाँ कुनै मत-भिन्नता हुनु हुँदैन । |
| ६. दक्षताले बौद्धिक चोरीलाई निकै गम्भीरतापूर्वक लिन्छ र त्यस्तो विषयवस्तु भेटिएको आवेदनलाई अस्वीकार गर्छ । अन्य श्रोतबाट लिइएका कुनै पनि सामाग्रीको उद्धरण गरिएको हुनपर्छ । |
| ७. आवेदन अथवा छनोट प्रक्रिया सम्बन्धी कुनै पनि प्रश्नहरु लिखित रुपमा grants-dakchyata@britishcouncil.orgमा पठाउन पर्नेछ । फोनमार्फत गरिएका सोधीखोजीको सुनुवाइ **गरिनेछैन** । |

# खण्ड ४ : अर्को कदम

आशयपत्र (EOI)चरणका सफल आवेदकहरुलाई डिसेम्बर २०१८ (सटिक मिती तय गर्न बाँकी) को शुरुतिर सहजिकृत कार्यशालामा निम्त्याइने छ । आमन्त्रित हरेक संस्थाका प्राविधिक र आर्थिक प्रतिनिधि दुवै सहभागिता जनाउन पर्नेछ । दक्षता परियोजनाले कार्यशालाका दौरानमा सबै सहभागिको खाना, र वासको खर्च व्यहोर्ने छ भने अन्य खर्च सहभागिका संस्थाले व्यहोर्न पर्ने छ ।

उक्त सहजिकृत कार्यशालाका उद्धेश्य :

- आव्हान अन्तरगत कार्यक्षेत्र तथा प्रस्तावना विकासको प्रक्रिया तथा आवश्यकताहरुको स्पष्ट बुझाइ हासिल गर्ने
- सम्भावित अनुदान प्रापकहरुलाई प्रेरणा दिन प्रस्तावित पीपीपी मोडेलमा गहिरो छलफल
- सहभागिहरुलाई उनीहरुको सम्पर्क सन्जाल बढाउने अवसर प्रदान गर्ने तथा दक्षता अनुदान परियोजना कार्यान्वयनको लागि समुचित साझेदारी विकासमा सम्भावित सहयोग गर्ने
- अनुदान परियोजना तथा रकम व्यवस्थापन आवश्यकताहरुका सम्बन्धमा स्पष्ट बुझाइ हासिल गर्ने

सहभागि संस्थाहरुलाई तत्पश्चात निश्चित मिती भित्र **पूर्ण प्रस्ताव** पेश गर्न आमन्त्रित गरिने छ जसको मूल्याङ्कन ब्रिटिस काउन्सिलको अनुदान व्यवस्थापन प्रक्रिया अनुसार गरिने छ ।

अनुदानको छनोट तथा वितरणमा ब्रिटिस काउन्सिलको कडा र पारदर्शी प्रक्रियाहरु रहेका छन् । **परियोजनका सम्बन्धमा कुनै व्यक्ति विशेषलाई प्रभावित पार्न खोज्ने कुनै पनि प्रयासलाई निकै गम्भीरतापूर्वक लिइने छ, र त्यस्तो कदमले छनोट प्रक्रियामा अयोग्य ठहरिने परिणाम समेत ल्याउन सक्नेछ ।**

**बाल संरक्षण वक्तव्य**

*ब्रिटिस काउन्सिलले बालबालिकाको कल्याण तथा सुरक्षालाई निकै गम्भीरतापूर्वक लिन्छ । संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धि महासन्धिको सन्दर्भमा, ब्रिटिस काउन्सिलको बाल संरक्षण नीतिले १८ बर्ष उमेर नपुगेको जो सुकैलाई बालबालिका भनेर परिभाषित गरेको छ । यस बाल संरक्षण नीतिब्रिटिस काउन्सिलका सम्पूर्ण कर्मचारी तथा हामीले आर्थिक सहायता गर्ने सबै संस्था/करारकर्ताहरुका लागि बाध्यकारी छ । अनुदान प्रापकहरु ब्रिटिस काउन्सिलसँग उनीहरुको काम गर्ने शर्तका रुपमा यस नीति अन्तरगत रहेर गर्ने अपेक्षा राखिन्छ । अनुदानका लागि आवेदन दिने संस्थाहरुले उनीहरुले बाल संरक्षण नीति पालन गरिरहेका छन् भन्ने पुष्टि गर्नपर्छ, र यस्तो नीति नभएकाको हकमा अनुदानको लागि छनोट भएको खण्डमा यो नीति बनाउने प्रतिबद्धता जनाउन पर्नेछ । अनुदान हासिल गर्न सफल भएका संस्थाहरुलाई दक्षता कार्यक्रमले यस नीति निर्माणमा मदत गर्नेछ र त्यसलाई उक्त संस्थाहरुले परियोजनाको अवधिभरि **अनिवार्य पालना गर्न पर्नेछ** । बाल संरक्षण नीति विस्तृतमा हेर्नका लागि कृपया ब्रिटिस काउन्सिलको वेवसाइटमा जानुहोस् ।*

**परिशिष्ट १ - बजेट सम्बन्धि निर्देशनहरु**

*यस चरणमा जानकारीको लागि मात्र*

१. अनुदान रकमका लागि आवेदन दिने संस्थाहरुले EOI सँगै परिचायक आर्थिक प्रस्ताव (बजेट) पेश गर्न पर्नेछ । यस चरणमा विस्तृत बजेट पेश गर्नपर्ने आवश्यकता रहँदैन । यस निर्देशनको उद्धेश्य अनुदान रकमले कस्ता खर्चहरु समेट्छ र कुन खर्चहरु यस अन्तरगत गर्न पाइँदैन भन्ने जानकारी गराउनु हो ।

२. पूर्ण प्रस्ताव पेश गर्ने चरणमा आवेदकहरुले दक्षताले उपलब्ध गराउने टेम्प्लेटमा दुइ मुख्य बर्ग/खण्ड अन्तरगत विस्तृत बजेट निर्माण गर्न पर्ने हुन्छ ।

**क. प्रशाशनिक तथा व्यवस्थापन खर्च**: दक्षतालाइ परियोजना व्यवस्थापनका प्रत्यक्ष खर्चहरुको स्पष्ट प्रस्तुति आवश्यक पर्दछ । सामान्यतः प्रशाशनिक तथा व्यवस्थापन खर्च परियोजनाको कुल लागतको ३०% (अप्रत्यक्ष अतिरिक्त खर्च सहित) भन्दा बढी हुनहुँदैन ।

**ख. कार्यक्रम (क्रियाकलाप) खर्च** : संस्थाले संचालन गर्ने विविध कार्यहरुको लागि अनुमानित कार्यक्रमको रकम । आवेदकहरुले यसमा परियोजना अन्तरगतका क्रियाकलापका अलावा

भिजिविलिटि/प्रचार-प्रसार तथा सिकाइका अनुभवहरु बाँड्नका लागि हुने खर्चहरुलाई समेत ध्यानमा राख्नु पर्नेछ ।

३. केवल गैर नाफामुलक संस्थाहरुमात्र एडभान्स रकमको लागि योग्य हुन्छन्, जुन केस विशेष हेरेर निर्णय गरिन्छ । एडभान्स स्वीकृत भएको अवस्थामा रकम पाउने संस्थाहरुले परियोजनाको लागि बेग्लै बैंक खाता खोल्न पर्छ जहाँबाट परियोजनाको रकमको मात्र कारोबार हुन्छ । व्यवहारिक साझेदारी परियोजना कार्यान्वयन गर्ने अन्य प्रकारका संस्थाहरुको हकमा पुर्नभुक्तानीको आधारमा काम गरिने छ र तसर्थ बेग्लै बैंक खाता खोल्न आवश्यक पर्दैन ।

**४. अयोग्य व्यय/खर्चहरु :** व्यवहारिक साझेदारी कोष अन्तरगत अयोग्य मानिने व्ययका उदाहरणहरू निम्नानुसार छन् ।

- कर्मचारी र अन्यलाई ऋण
- स्थानीय कानून आदिको उल्लङघन गरेवापत जरिवाना तिर्नु पर्ने भएमा
- कुनै पनि कर्मचारीलाई तलब जुन उनीहरूको सेवा अनुसार उपयुक्त छैन अथवा संस्थाको स्थापित नीति अनुरुप छैन र जुन सहमत भएको बजेटमा भन्दा बाहिर छ
- अनुदान रकम तथा स्वीकृत बजेट भन्दा माथिको खर्च
- कर्जा, खराब कर्जाको भुक्तानी तथा सम्बन्धित रकम र कानूनी खर्च र नोक्सान बापतका खर्च
- व्याज भुक्तानी
- अन्य ढाँचामा छुट्याइएका अथवा अन्य दाताबाट सहयोग पाइरहेका विषयहरू
- करारमा सहमत नगरिएका खर्चहरु
- परियोजनाको लागि रकम खर्चेर भवन, सवारीसाधन जस्ता सामान, सेवा भाडामा लिने
- जमिन, भवन अथवा सवारी साधन खरीद
- आधिकारीक अनुदान अवधिभन्दा अगाडि अथवा पछाडि गरिएका खर्च (विशेष अवस्था भनि
- मनोरन्जन, सामाजिक क्रियाकलाप, समारोह तथा सम्बन्धित खर्च
- घुस, योगदान, चन्दा, व्यक्ति अथवा संस्थालाइ उपहार, अथवा बकस
- अन्तराष्ट्रिय यात्रा
- कर्मचारीहरुको व्यक्तिगत प्रयोजनका लागि सामान तथा सेवाहरु (उदाहरण, व्यक्तिगत यात्रा, व्यक्तिगत फोनकल) अथवा प्रस्ताव/करारमा सहमत नगरिएका अन्य कामहरु

*दक्षता - TVET व्यवहारिक साझेदारी परियोजना यूरोपियन युनियनको आर्थिक सहयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्व तथाप्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ( सिटिइभिटि) सँगको सहकार्यमा ब्रिटिस काउन्सिलद्धारा व्यवस्थापन गरिएको छ ।*

*डिस्क्लेमर : यो प्रकाशन यूरोपियन युनियनको आर्थिक सहयोगमा तयार पारिएको हो । यसका विषयवस्तु ब्रिटिस काउन्सिलको एकल जिम्मेवारी हुन् र यिनले यूरोपियन युनियनको बिचार अभिव्यक्त गर्दैनन् ।*